# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## बुङ्गल नगरपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुङगल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
## (प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७७।७८
च.नं मिति: २०७७।३।२६
श्री प्रमूखज्यू,
बुंगल नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,
बभ्फाङ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बुंगल नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ७७ लाख ७३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९६ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु. ७० लाख ६ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १४ लाख ५ हजार र पेश्की रु १ करोड ९६ लाख ९८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न १२ दफाको रु ५६ लाख ५१ हजार असुल भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौविस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**


आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु । २०७७ असाढ २६ गते ।

# बुंगल लगरपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने बुंगल नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ११ वडा, ४४७.५९ व.कि.मी.क्षेत्रफल र ३३२२४ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **९६३५०६२३.१०** | १ | **चालु खर्च** | ३७१३२८९३३.५७ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | १७७१३६०८५.१७ |
| | ख) बैंक | | ३ | | |
| २ | **राजस्व (आन्तरिक आय)** | **८१५८२११३.३४** | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ७७८९३०.७२ | | क) ऋण भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ८०८०३१८२.६२ | | ख) ब्याज भुक्तानी | |
| | ग) अन्य आय | ०० | | ग) अन्य भुक्तानी | |
| ३ | **वित्तीय हस्तान्तरण** | **४२३३३८४००** | ४ | **लगानी** | |
| | क)वित्तीय समानीकरण अनुदान | १६४७००००० | | ऋण लगानी | |
| | ख) सशर्त अनुदान | २३९५६७६०० | | शेयर लगानी | |
| | ग) समपूरक अनुदान | ३९५०८०० | | अन्य लगानी | |
| | घ) विशेष अनुदान | १५१२०००० | ५ | **धरौटी फिर्ता** | ३४९९७१.०० |
| | ङ) अर्थ वजेट | | ६ | **कोष खर्च (निकासा फिर्ता)** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **८४८६७६१.०७** | ७ | **ओ.डि.एफ. खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ७२७२००० | ८ | **अर्थ वजेट** | |
| | ख) राजस्व बाँडफाँड | १२१४७६१.०७ | ९ | **मौज्दात** | |
| | ग) समपूरक अनुदान | | | क) नगद मौज्दात | **००** |
| | घ) विशेष अनुदान | | | ख) बैंक मौज्दात : | १८५३८८४१४.९७ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ग) चेक साट्न वाँकी | (४२७२६८१६.२०) |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | ग) धरौटी मौज्दात | ४२२३४१.०० |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **जनसहभागिता (नगद)** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| ९ | **धरौटी आय** | **७७२४०२** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | अन्य विविध आय आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमताविकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा निर्देशनालय) | **८१३६८६३०** | | | |
| | **जम्मा** | **६९१८९८९२९/५१** | | **जम्मा** | **६९१८९८९२९/५१** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५ आषाढ ११ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २. | **बजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगर सभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७५/३/१० मा सभामा पेश गरि मिति २०७५/३/११ मा नगर सभाबाट पारीत गरेको छ । | |
| ३. | **आयको अनुमान :** नगरपालिकाले आ.व. २०७५।७६ मा पालिका अन्तर्गत कर, सेवा शुल्क, दस्तुर आदि वापत प्राप्त हुने आय-व्ययको प्रक्षेपण गरेको देखिएन । कार्यपालिकाले यस वर्ष कुल रु. ७,७८,९३०।७२ आन्तरिक आय प्राप्त गरेको छ । आयको अनुमान नगरेबाट वास्तविक प्राप्ती र प्रक्षेपण बिच तुलना गर्न सकिएन । आयका विभिन्न श्रोतको पहिचान गरी आय प्रक्षेपणको माध्यमबाट वास्तविक प्राप्तीलाई वृद्धी गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा<br>कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको,<br>भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, नगरपालिका,वडा,विषयगत शाखाको भिन्ना भिन्नै जिन्सी दाखिला गरेको,जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| ५. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिका नगरपालिकाहरुले Sub National Tresury Regulatory | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ६. | **आर्थिक विवरण :** कार्यालयले वित्तीय समानीकरण तर्फको एकमुष्ट खर्चको फाँटवारी तयार गरेको, २०७६/२/२० सम्म र सो भन्दा पछि को छुट्टा छुट्टै भौचर नम्बर प्रयोग गरी गोश्वरा भौचर उठाएको, जेष्ठ सम्मको खर्चको फाटवारीसम्म तयार नगरेको,वैंक नगदी विताव जोड जम्मा नगरेको,खाता वन्दी गर्ने नगरेको,वैक नगदी कितावमा पेश्की रकम पोष्टिङ गर्न छुट भएकोले रकम समेत भिडान गर्न कठिनाई भएको छ । लेखा स्रेस्ता अद्यावधिक गरी अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता दुरुस्त राख्नु पर्नेमा राखेको छैन । नगरपालिकाले तत्कालिन लेखा प्रमुखलाई स्रेस्ता अद्यावधिक नगरी रमाना दिएको देखिन्छ । | |
| ७. | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्नेमा गरेको छैन् । असार मसान्त सम्म चालु खातामा रहेको रु.१५,३६,९७९/३८ र पुँजिगत खातामा रहेको रु.४,०४,१८,१८७/६९ मिति २०७६/५/१६ मा मात्र मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छ । बर्षान्तमा बचत रहेको रकम नियमानुसार फ्रिज एवं ट्रान्सफर गरी ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ८. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरी पेश गर्नु पर्नेमा पेश गरेको छैन । | |
| ९. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १०. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ११. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्नु जरुरी छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १२. | **आन्तरीक आम्दानी** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले रसिद नियन्त्रण खाता नराखेको,समयमा नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी नगरपालीकाको खातामा जम्मा नगरेको, । नगरपालीकाले आन्तरीक कर दस्तुर तथा राजस्व बाँडफाड तर्फ रु.७,७८,९३०/७२ मात्र आम्दानी गरेको छ । जस्मा क्रमश वडा नं.२,४,७,८,९,१० र ११ वडाको मात्र आम्दानी समावेश छ । वडा कार्यलयहरुले दाखीला गरी विवरण पेश गरेको आधारमा मात्र कार्यालयले आम्दानी जनाउने गरेको देखियो जसले गर्दा वडाको वास्तविक आम्दानी यकिन हुन सकेन । राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासीक फाटवारी समेत तयार नगरेकोले राजस्व आम्दानीबारे यथार्थता यकिन गर्न सकिएन । | |
| १३. | **डोजर आम्दानी :** नगरपालीकामा स्काइभेटर खरिद गरी फागुन देखि संचालन मा ल्याएको छ । कार्यालयले डोजर संचालन निर्देशिका वनाएको छैन, इन्धन खर्च वापत रु.३,००,०००।- खर्च गरेको छ । नगरपालीकाले अपरेटर नियुक्ती गरेको छैन भने डोजरको आम्दानीबाट अपरेटर सहयक रुपमा लोकेन्द्र वहादुर विष्टलाई नियुक्त गरी मासिक रु १५,०००।- दिएको देखिन्छ । लेखापरीक्षण अवधि सम्म डोजर कति घण्टा संचालन भयो र कति आम्दानी भयो सो को विवरण पेश हुन सकेन । यसरी डोजर संचालन गर्ने अपरेटर नियुक्ती नभएको र सहायक नियुक्ति वाट मात्र डोजर संचालन भयो या भएन यकिन हुन सकेन । तसर्थ डोजर अपरेटर वेगर सहायक कर्मचारीको तलव भत्तामा खर्च लेख्नु नियम सम्मत देखिएन । तसर्थ सो सम्वन्धमा नगरपालीकाले छानविन गरी डोजरको वास्तविक आम्दानी यकिन गरी राजस्व दाखिला गरिनु पर्दछ । | |
| १४. | **चालु खर्च र आन्तरीक आम्दानिविच तुलना :** यो वर्ष नगरपालीकाको आन्तरीक श्रोत रु.७,७८,९३०/७२ रहेको छ । नगरपालीकाको चालु खर्च रु.५,१६,९९,५१२/४३ रहेको छ । आम्दानीको तुलनामा यस्तो खर्च ६६.३७ गुणाले वढी छ । जसमा कर्मचारी वैठक भत्तामा रु.५,००,०००।-,पदाधिकारी वैठक भत्तामा रु. १६,६०,०००।-अनुगमन मुल्याङ्कनमा रु.२०,५०,०००।- र भ्रमण भत्तामा रु.१८,००,०००।- समेत रु.६०,१०,०००।- छ । भ्रमण भत्ता र वैठक भत्ताको तुलनामा आन्तरीक आम्दानी ७.७१ गुणा कम छ । खर्च वढ्दै जादा आन्तरीक श्रोतपनि सोही अनुपातमा वढ्नु पर्ने हुन्छ । यसर्थ नगरपालीकाले आन्तरीक आम्दानी वढाउने र सञ्चालन(चालु) खर्च घटाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>अधिकासं भ्रमण विलमा उदेश्य उल्लेख नगरेको,२ दिनको कामको लागि पनि ७ दिनको दैनिक भ्रमण भत्ता स्वीकृत गरेको,भ्रमण अभिलेख नराखेको,भ्रमण मिति अवधिमा अधिकांशमा केरमेट गरी मिति परिवर्तन गरेको,पत्रकार,नागरीक समाजका पदाधिकारीलई समेत अनुगमन भनि भ्रमण स्वीकृत गरेको देखिएकोले खर्चमा मितव्ययीता कायम नगरेको स्पष्ट हुन्छ ।तसर्थ आन्तरीक श्रोतको आधारमा दैनिक भ्रमण भत्ता लगायतको अन्य प्रशाशनिक खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १५. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । सामाजिक सुरक्षा पाउने नागरीकको लागि यस वर्ष रु ६,५१,९३,२००/- निकासा लिई खर्च गरेको देखिन्छ ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । MIS उपलब्ध हुन नसक्दा online verificationगर्न सकिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिएको छ । यो वर्ष भएको भुक्तानी खर्च एवं पेश्की फछ्र्यौट र आ.व.२०७४/०७५ को पेश्की फछ्र्यौट सम्वन्धमा मा देखिएका व्यहोरा निम्न छन् । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१५.१</td><td>लगत कट्टा भएका व्यक्तीका नामको भुक्तानी : यस कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरणमा लगत अध्यावधिक गरी कायम भएको संख्यालाई मात्र भुक्तानी दिनु पर्नेमा २०७५।१।१ देखिनै लगत कट्टा भएका  व्यक्तीहरुको नामवाट पुन जेष्ठ र असारको समेत भुक्तानी गरेको देखाई निम्नानुसार वढी खर्च दावि गरेको रु २४,०००।- रकम जिम्मेवार पदाधिकारी वाट असुल हुनु पर्ने रु.
<table>
<tr><td>नाम</td><td>वडा</td><td>नागरीकता नम्बर</td><td>भत्ताको किसिम</td><td>रकम</td></tr>
<tr><td>मैना देवि धामि</td><td></td><td>२६८</td><td>जेष्ठ नागरीक अन्य</td><td>४०००</td></tr>
<tr><td>रंगा देवि वोहोरा</td><td></td><td>७१३०४०/१५३४</td><td>जेष्ठ नागरीक अन्य</td><td>४०००</td></tr>
<tr><td>माखी देवि वोहोरा</td><td></td><td>७१३०४०/१३८४</td><td>जेष्ठ नागरीक अन्य</td><td>४०००</td></tr>
<tr><td>विष्ना विक</td><td></td><td>१४०६</td><td>जेष्ठ नागरीक दलित</td><td>४०००</td></tr>
<tr><td>दुर्गा देवि जोसी</td><td></td><td>३१७</td><td>जेष्ठ नागरीक अन्य</td><td>४०००</td></tr>
<tr><td>गज कार्की</td><td>४</td><td>११३६</td><td>जेष्ठ नागरीक अन्य</td><td>४०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२४,०००/-</td></tr>
</table></td><td>२४,०००/-</td></tr>
<tr><td>१५.२</td><td>विधुतीय सेवा : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन । नगरपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा नगरपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५.३</td><td>दोहोरो भुक्तानी : आर्थिक वर्ष २०७४/०७५ को पेश्की फछ्र्यौटमा पेश हुन आएको विल भर्पाई अनुसार तेस्रो किस्ता भुक्तानीमा दोहोरो नामावली परेको देखिएको छ । यसरी नाम जन्म मिति नागरिकता नम्वर लगायत सवै समान पहिचान भएका व्यक्ती हरुलाई भुक्तानी भएको देखिंदा दोहोरो भुक्तानी भएको निम्नानुसार रु ९,६००/- सम्वन्धित पदाधिकारीहरुवाट असुल हुनु पर्ने रु.
<table>
<tr><td>नाम</td><td>वडा</td><td>जन्म मिति</td><td>नागरी कता नम्वर</td><td>संरक्षकको नाम</td><td>भत्ताको किसिम</td><td>दोहोरो भुक्तानी भएको रकम</td></tr>
<tr><td>आयुस जोसी</td><td>९</td><td>२०७३/१/२०</td><td></td><td>डम्बराज जोशी</td><td>वालपोषण अन्य</td><td>१६००</td></tr>
<tr><td>कलासी देविवोहोरा</td><td>१</td><td>२०३८/२/१५</td><td>७१३०४५/२१५</td><td></td><td>विधुवा भत्ता</td><td>४०००</td></tr>
<tr><td>धना वोहोरा</td><td>५</td><td>२०२७/३/२</td><td>१२३७</td><td></td><td>विधुवा भत्ता</td><td>४०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>९,६००/-</td></tr>
</table></td><td>९,६००/-</td></tr>
<tr><td>१५.४</td><td>नामावली किर्ते गरेको : यो वर्ष सामाजिक सुरक्षा भत्ता रकम वितरण हुंदा आर्थिक वर्ष २०७५।०७६ मा वडा नं.४ को लागि पंजिकरण विभागवाट प्रिन्टेड नामावलीमा हातले थप गरी वितरण गरेको देखिएकोले भुक्तानी खर्चको यर्थाथता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा छान विन हुनु पर्दछ । अन्यथा वढी भुक्तानी गरेको निम्नानुसारको रकम सम्वन्धित वडा सचिव वाट असुल हुनु पर्ने रु.</td><td>९,६००/-</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>नाम</td><td>भत्ताको किसिम</td><td>संरक्षक</td><td>किस्ता</td><td>रकम</td></tr>
<tr><td>मुना कुमारी ताम्राकार</td><td>वाल पोषण</td><td>कमला कुमारी विक</td><td>दोस्रो</td><td>१६००</td></tr>
<tr><td>सुस्मा कुवर</td><td>वाल पोषण</td><td>सुना देवि कुवर</td><td>दोस्रो</td><td>१६००</td></tr>
<tr><td>सुदिप कुवर</td><td>वाल पोषण</td><td>कुसुम कुवर</td><td>दोस्रो</td><td>१६००</td></tr>
<tr><td>प्रतिक कुवर</td><td>वाल पोषण</td><td>निर्मल कुवर</td><td>दोस्रो</td><td>१६००</td></tr>
<tr><td>जगदीस कुवर</td><td>वाल पोषण</td><td>विमला कुवर</td><td>तेस्रो</td><td>१६००</td></tr>
<tr><td>सुसान्त कार्कि</td><td>वाल पोषण</td><td>वाबु गोरे धामी</td><td>प्रथम</td><td>१६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>९,६००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.</td><td>बक्यौता रकम असुली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । यस सम्बन्धमा जिन्सी मालसामानहरु यकिन गरी आम्दानी बाँधिने कार्यालयले छलफलको क्रममा जानकारी दिएको छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>बरबुझारथ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ । यस सम्बन्धमा भएको व्यवस्थाको पालना गरिने कार्यालयले छलफलको क्रममा जानकारी दिएको छ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>प्राकृतिक तथा व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>अनुगमन प्रतिवेदन : आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । नगरपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम संचालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>योजना र कार्यान्वियनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>गुणस्तर परिक्षण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण अनुदान पूँजीगत तर्फ :</td><td></td></tr>
<tr><td>२६.</td><td>सार्वजनिक निर्माण तर्फ साईट लेजर नराखेको : कलाचि सतिवन विद्युत लाइनको कार्य उपभोक्ता समिति मार्फत गरेको छ । कार्यालयले ठेक्का मार्फत खरिद गर्नु पर्नेकार्य उपभोक्ता समिति मार्फत गराएको छ । साथै खरिद गरिएका सामाग्रिको साइट लेजर नराखेकोले प्रयोग भयो भएन खुल्न नसकेकोले नापी कितावमा प्रविष्ट गरेको प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>सामानको नाम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>इलेक्ट्रीक पोल</td><td>४७</td><td>६११०००</td></tr>
<tr><td>ASCR 0.03</td><td>७००</td><td>३७१०००</td></tr>
<tr><td>ASCR 0.02</td><td>३०००</td><td>१०५०००</td></tr>
<tr><td>Total</td><td></td><td>१०,८७,०००/-</td></tr>
</table></td><td>१०,८७,०००/-</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| २७. | **ड्रइङ पेश नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को १२५(३) वमोजिम निर्माण कार्यको भुक्तानी दिंदा ड्रइङ डिजाईन अनुसार भए नभएको नाँपजाँच गरी सोही वमोजिम प्रतिवेदन पेश गरेको आधारमा मात्र भुक्तानी दिने व्यवस्था छ त्रिवेणी-आदर्श वहुमुखी क्याम्पसको ड्रइङ पेश नभएकोले एनालाइसिस भिडान गर्न सकिएन । | |
| २८. | **लागत अनुमान वढी देखाएको :** त्रिवेणी-आदर्श वहुमुखी क्याम्पसको लागत अनुमान तयार गर्दा कार्यको वास्तविक परिमाण भन्दा साइड विमको(2x25.4x0.23x0.30=3.505 घ.मी) ,Re-bar 133 KG) र Form work 2.02 घ.मी ले वढी परिमाण उल्लेख गरी लागत अनुमान तयार गरेको देखिंदा रु.१,०४,२६०/८० ले थप व्यहभार पर्ने देखिएको छ । | |
| २९. | **पेश्की वढी दिएको :** आर्थिक कार्यविधि ऐन २०५५को दफा ५२(क) बमोजिम २० प्रतिशत मात्र मोविलाइजेसन पेश्की दिनु पर्ने व्यवस्था छ । त्रिवेणी-आदर्श वहुमुखी क्याम्पसको निर्माण कार्यको लागि अमृत निर्माण सेवा संग रु ८४,०६,५६०।-मा संझौता भएकोमा ऐनको उक्त व्यवस्था बमोजिम २० प्रतिशतले हुने रु १६,८१,३१२।- सम्म मोविलाइजेसन पेश्की दिनु पर्नेमा भौ.नं.१/२०७६/३/२३ बाट रु.१६,८०,०००/- र५/२०७६/३/३० वाट १६,८०,०००/- समेत जम्मा रु.३३,६०,०००।- दिएको देखियो । यसरी नियमानुसार दिनु पर्ने भन्दा वढी पेश्की दिएको रु १६,७८,६६८।-वढी पेश्की दिएकोले वढी पेश्की दिनेलाई जिम्मेवार वनाई १० प्रतिशतले हुने व्याज रु १,६७,८६९।- असूल गर्नु पर्ने रु. | १,६७,८६९।- |
| ३०. | **प्रयोग नभएको पाईपको मुल्य :** ६३/२०७६/२/३१ रन्नीभिड सिंचाईपानी पोखरी निर्माण को कार्य गर्दा ५०/१० को १५०० मिटर पाइप खरिद गरेकोमा Refiling of Pipeline Trench 1080 मिटर मात्र कार्य गरेको देखिएकोले ४२० मिटरका ०.५४२ किलोको दरले हुने जम्मा २२७.६४ किलोको प्रति के.जी. रु ३१३.६९ को दरले हुने रु ७१,४०८।३९ मा उपभोक्ता समितिको योगदान २१ प्रतिशतले हुने १४,९९५।७६ घटाई वाँकी पाइपको रु ५६,४१२/६३ असुल गर्नु पर्ने रु. | ५६,४१२/६३ |
| ३१. | **कार्यसम्पन नभई भुक्तानी :** छडा फुट टोलको कार्य 170x1x0.2=34x4615=150916.34 को कार्य गरेको फाइलमा संलग्न तस्वीर परीक्षणमा सो कार्य भएको नदेखिएकोमा सो कार्यको भुक्तानी भएको देखिएकोले कामको यर्थाथता यकिन गर्न सकिएन तसर्थ सो सम्वन्धमा नगरपालिकाले पुन प्राविधिक नापजाँच परिक्षण गराई कामको यर्थाथता यकिन गर्नुपर्ने देखिएको रु. | १,३४,६५५/३१ |
| ३२. | **सिंचाँई पोखरी सर्वे खर्च :** सरस्वती मा.वि,भैसन्ती तटवन्धन,टाम्सावाड देखि देउलीसडक ,टांका सिंचाई पोखरीको सर्भे गरेको उल्लेख गरी खा.पा.स.टे भिमदत्त भट्टलाई रु ९०,०००।- भुक्तानी खर्च लेखेको छ । खा.पा.स.टे.वाट सो सर्वे कार्य गराउन सकिने आधार स्पष्ट नभएको र सर्भे कार्यको प्रतितवेदन पेश नभएकोले सो सम्वन्धमा आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. | ९०,०००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३३. | **सवारी साधन खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने  व्यवस्था गरेको छ । यस नगरपालिकाको लागि एक थान पिकअप गाडि र ६ थान मोटरसाईकल खरिदको लागि लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्था को लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) वमोजिम क्याटलक सपिङ्ग बिधि वाट खरिद गर्नको लागि १५ दिनेसुचना प्रकाशन गरेवमोजिम दर्ता हुन आएका गाडिको लागि १ थान र मोटरसाईकलको लागि २ थान वोलपत्र  मध्ये सवै भन्दा घटी कवोल गर्ने सिपृद्दि ट्रेडिङ लि.को गाडिको लागि मुअ.कर समेत रु ३८,७०,०००।- र मोटरसाईकल  ६ थानको मु.अ.कर समेत रु १६,९९,४००।- को वोलपत्र स्वीकृत गरी सप्लाईको लागि कार्यादेश दिएको देखिन्छ । सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन ।<br>(क)उपरोक्त वमोजिम सवारी साधनको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४को नियम ११मा तोकिए वमोजिम दर विश्लेषणको आवस्यक प्रकृया अपनाई लागत अनुमान तयार गरेको देखिएन । जस्वाट सो लागत अनुमानको यर्थातता समेत यकिन भएन ।<br>(ख) उपरोक्त वमोजिमको यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा दर्ता भएका वोल पत्र मध्ये पिकअप भ्यानको लागि १ वटा  र मोटरसाईकलको लागि २ वटा मात्र दर्ता भएको देखिंदा आपूर्तिकर्ता विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन ।<br>(ग)सार्वजनिक खरिद नियमावली २०६४ को नियम.. वमोजिम मेशिनरी सामान तथा सवारी साधन आपूर्ति भई दाखिला पुर्व मेकानिकल ईन्जिनियरवाट पूर्व स्वीकृत स्पेसिपिकेशन अनुसार भए नभएको चेक जाँच गरी प्राप्त प्रतिवेदनको आधारमा मात्र दाखिला गर्नु पर्नेमा सो वमोजिम  जाँच नगराई दाखिला गरेकोछ । उक्त नियमावली वमोजिम धरौटी समेत कट्टा नगरी भुक्तानी दिएको छ । यसरी आवस्यक प्रकृया नपुराई सवारी साधन खरिद एवं दाखिला गरेको अनियमित देखिएको रु<br>(घ)उपरोक्त वमोजिम खरिद कार्यसंग सम्वन्धित निर्णय तथा अन्य आवस्यक डकुमेन्ट लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले थप विश्लेषण गर्न सकिएन । | ५५,६९४००/- |
| ३४. | **उपभोक्तालाई संझौता रकम भन्दा वढी पेश्की** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) अनुसार उपभोक्ता समितिलाई संझौता रकमको वढीमा एक तिहाई सम्म पेश्की दिन सकिने व्यवस्था गरेको छ । कार्यालयले उपभोक्ता समिति संग रु २,००,०००।-मा संझौता भएकोमा उक्त उपभोक्ता समितिको खातामा रु २६,५३,०००।- पठाएको देखिन्छ । यसरी संझौता एवं निर्णय वेगर तोकीए भन्दा वढी रकम पठाउने सम्वन्धित पदाधिकारी लाई जिम्मेवार वनाई भुक्तानी भएको वढी रकमको नियमानुसार लाग्ने व्याज समेत असुल हुनुपर्ने रु | २४,५३,०००/- |
| ३५. | **पाईप वढी खर्च देखाएको :** ४३५।०७६।३।२९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता मार्फत गरेको कामको प्राविधिक मुल्यांकन गरी त्यस्तो समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । सोडे खोला थुम सिंचाईकुलो पाईपलाईनको कामको प्राविधिक मुल्यांकन अनुसार  रु १२,००,०००।- भुक्तानी खर्च लेखेको देखियो । नापिकिताव अनुसार पाईपलाईनको कुनै काम नभएको अवस्थामा १८० को एच. डि.पि पाईप रु ८,८८,०००।को सप्लाई  गरेको देखाई भुक्तानी भएको छ । यसरी Laying & joining of Pipe को कुनैकाम नभएको र Reffiling of Pipelines को काम गरेको भनी रु ५५,५३४।–खर्च दावि गरेको अर्को तर्फ Earth workको काम जम्मा ०.६२५ घ.मी. भएको देखाएकोले ६०० मिटर पाईप को काम भएको भन्न मिल्ने अवस्था नदेखिंदा उक्त खर्चको यर्थाथता यकिन गर्न | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>नसकिएकोले सो सम्वन्धमा आधार प्रमाण पेश हुनु पर्ने अन्यथा पाईप खर्च रु ८,८८,०००। असुल हुनु पर्ने रु</td><td>८,८८,०००।-</td></tr>
<tr><td>३६.</td><td>खर्च पुष्टि नभएको :४१।०७५।१२।२९आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । शेरवहादुर सिंह लाई वोका खरिदको लागि दिएको पेश्की पछ्यौंटमा संलग्न फांट वारी अनुसार  निजले पेश गरेको २ वटा वोकाको प्रति वोका रु ६५,२८०।- र डोटी देखि नगरपालिका सम्मको ढुवानी भाडा रु १९,५००।- समेत रु १,५०,०६०।- खर्च दावि गरेकोमा वोकाको मुल्य र ढुवानी भाडा अस्वभाविक रहेको देखिएकोले सो खर्चको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ सो सम्वन्धमा पालिकाले यकिन गरी वढी भएको रकम असुल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>विध्यालय भवन निर्माण : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता मार्फत  गरेको कामको प्राविधिक मुल्यांकन गरी त्यस्तो समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायले कामको मुल्यांकनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था रहेको पाईन्छ । यस नगरपालिका अन्तरगतका  निम्न विध्यालयहरुलाई विध्यालय भवन तथा शौचालय निर्माणको लागि दिएको पेश्की रकम फछ्र्यौट गरी थप भुक्तानी समेत दिएकोमा पेश्की फछ्र्यौट तथा भुक्तानीको लागि पेश हुन आएको फाँटवांरी परीक्षण तथा फोटो अवलोकन वाट घरको पिलर मात्र उठाएको देखिएको,प्राविधिक मुल्यांकनमा कार्य सम्पन्न भनी उल्लेख भएको आईटममा काम भएको नदेखिंदा श्रेष्ता कागजात वाट मात्र भुक्तानी खर्चको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ विध्यालयको निर्माण कार्यको सम्वन्धमा थप छानविन गरी यकिन गर्नु पर्ने देखियो ।
<table>
<tr><th>गो.भौ.र मिति</th><th>विध्यालयको नाम</th><th>कामको प्रकृति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३८२/०७६/३/२२</td><td>महादेव मा.वि.</td><td>भवन निर्माण</td><td>१००००००</td></tr>
<tr><td>३९२/०७६/३/२२</td><td>सरस्वती मा.वि.</td><td>भवन निर्माण</td><td>२६४४६०५</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td>३६४४६०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८.</td><td>कार्य सम्पन्न नभएको भुक्तानी : ३०४।०७६।३।२० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता मार्फत  गरेको कामको प्राविधिक मुल्यांकन गरी त्यस्तो समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायले कामको मुल्यांकनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था रहेको पाईन्छ । ऐसोल बगर सेचेलीथान पाटन पर्यटन सडक वडा नं. २ उ.स. संग रु २०,००,०००।–मा पर्यटन सडक निर्माणको लागि संझौता भएको देखिन्छ । उक्त समितिले यो वर्ष रु १३,३४,९५१।१४को कामको मुल्यांकन गरेको विल पेश गरेको र सोही वमोजिम भुक्तानी गरेको देखिन्छ ।उक्त उपभोक्ता समिति संग भएको संझौता एवं लागत अनुमान अनुसार रु २४,०९,९७९।१८को कार्य सम्पन्न गर्नु पर्नेमा वर्षान्त सम्म ५५.३९ प्रतिशत काम भएको देखाएको छ र सोही वमोजिम मुल्यांकन भएको देखिएको छ ।यसरी प्राविधिक मुल्यांकन भई आए पनि उक्त कार्य सम्पन्न भएको पुष्टी हुने फोटो लगायतको आवस्यक प्रमाण पेश नभएको र सो सडकको कार्य नभई नापी किताव तयार गरेको जानकारी समेत प्राप्त भएकोले सो सम्वन्धमा छानविन गरी यर्थाथता यकिन हुनु पर्ने देखियो । यसरी यो वर्षको आषाढ मसान्त सम्पन्न गर्नु पर्ने कार्य सम्पन्न नगरी आंशिक विल वनाई भुक्तानी लिएको र कामको पुष्टी हुने फोटो पेश हुन नआएकोले आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा भुक्तानी भएको कर पछिको रु १०,१०,८८५।–असुल हुनु पर्ने  रु</td><td>१०,१०,८८५।-</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३९. | **ग्रमिण जलश्रोत तर्फ :**<br>**प्राविधिक मुल्यांकन नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता मार्फत गरेको कामको प्राविधिक मुल्यांकन गरी त्यस्तो समितिवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । निम्नानुसारको योजनाको प्राविधिक मूल्याङ्कन पेश नभएकोले खर्च यकिन गर्न नसकिएको रु.<br>**योजनाको नाम** — **रकम**<br>कफसेरी मा.वि विद्यालय — १८२१८५९.४६<br>कन्या मा.वि शौचालय — ११७८०३९.७३<br>सुल्जन प्रावि — ११७७९७६.१६<br>**जम्मा** — **४१,७७,८७५/३५** | ४१,७७,८७५/३५ |
| ४०. | **प्रशारण पुष्टी नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँघर मिडिया हाउस डडेल्धुरालाई सुचना तथा सन्देश प्रकाशन वापत रु १,१३,०००।-भुक्तानी दिएको देखिन्छ । यसरी प्रशारण तथा प्रकाशन वापत खर्च लेखेकोमा सो खर्च पुष्ट्याईको लागि प्रशारण तालिका प्रकाशन अवधि,प्रकाशन भएको सामाग्रि यकिन हुने आधार प्रमाणको आधारमा मात्र खर्चलेख्नु पर्नेमा सो सम्वन्धि कुनै प्रमाण संलग्न नगरी उक्त मिडियाको भर्पाईको आधारमा खर्च लेखेको देखिएकोले खर्च पुष्टी हुन सकेन तसर्थ सो पुष्ट्याईको लागि आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु | १,१३,०००/- |
| ४१. | **अन्य निकायको खर्च :** कार्यालयले इलाका वन कार्यालय,सामुदायिक स्वास्थ्य इकाई कफलसिटा,दौड स्वास्थ्य ईकाइ,पुतलीलेक सामुदायिक स्वास्थ्य इकाई जस्ता निकायहरुले सामान खरिद गरी विल पेश गरेको आधारमा भुक्तानी दिएको देखिएको छ । कार्यालयले यस प्रकारको खर्च गर्दा आफ्नो कार्यालयमा जिन्सी दाखिला गरेर हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन साथै अन्य कार्यालयको छुट्टै वजेट व्यवस्था हुने भएकोले यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । | |
| ४२. | **प्रमाण वेगरको खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगर पालिकावाट निम्न होटलको विल संलग्न गरी देहाय अनुसार विविध खर्च लेखेको छ । यस्तो विविध खर्चको लागि कार्यक्रम स्पष्ट नगरीएको,प्रयोजन नखुलाईएको र खर्च लेख्न मिल्ने आधार पेश नगरीएकोले सो खर्च पुष्ट्याईको लागि आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु<br>**भौ.नं.,मिति** — **होटलको नाम** — **खर्च रकम** — **कैफियत**<br>७८/२०७५/१०/२४ — न्यू भेटघाट होटल एण्ड लज — ८८३८०.०० — विल मात्र राखी खर्च लेखेको<br>४९/२०७६/३/२५ — होटल च्याइस — १४०९७०.०० — विल मात्र राखी खर्च लेखेको<br>५१/२०७६/३/२५ — होटल च्याइस — १३९०५०.०० — विल मात्र राखी खर्च लेखेको<br>५१/२०७६/३/२५ — होटल च्याइस — १९०१००.०० — विल मात्र राखी खर्च लेखेको<br>**जम्मा** — — **५,५८,५००/-** — | ५,५८,५००/- |
| ४३. | **विउ वितरणको प्रमाण नभएको :** ३५/२०७६/३/१९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकावाट मिनि किट विउ ५०० पोका प्रतिपोका रु १०० का दरले मिनि किट विउ वितरण गरेको देखाई रु ५०,०००।- खर्च दावि गरेको देखियो । यस्तो खर्च पुष्ट्याईको लागि | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सम्वन्धित कृषकहरुले किट बुझेको भर्पाई संलग्न गर्नु पर्नेमा सो पेश हुन नआएकोले खर्चको यर्थाथता यकिन हुन सकेन । तसर्थ कृषकहरुले बुझेको भर्पाई र सो वितरणको कार्यक्रम पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु</td><td>५०,०००/-</td></tr>
<tr><td>४४.</td><td>कार्यक्रम संचालन खर्च : ११७/२०७६/३/२२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले कार्यक्रम खर्च भनी दि होलीडे होटल इन लजको विल संलग्न गरी रु २,०६,७९०/-कार्यक्रम खर्च दावि गरेको छ ।कार्यक्रममा भएको खर्च पुष्ट्याईको लागि संचालित कार्यक्रमको स्वीकृत प्रस्ताव र लागत अनुमान,कार्यक्रमको उद्देश्य, ,सहभागिको उपस्थिति माइन्यूट लगायतको अन्य आवस्यक प्रमाण पेश गरेको आधारमा मात्र भुक्तानी खर्च लेख्नु पर्नेमा सो वमोजिम कुनै प्रमाण वेगर दि होलीडे होटल इन लजको विल मात्र प्रयोग गरी रु.२,०६,७९०।- खर्च लेखेको रकम अनियमित देखिएको रु.</td><td>२,०६,७९०/-</td></tr>
<tr><td>४५.</td><td>प्रमाण नपुगेको : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न समुह तथा उधमी एवं व्यक्ती समुहलाई अनुदान तथा खर्च रकम भुक्तानी दिएकोमा सो खर्च एवं भुक्तानीको लागि आवस्यक पर्ने प्रमाण कागजात संलग्न गर्नुपर्नेमा देहाय अनुसारको प्रमाण पुगेको नदेखिएकोले सो प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु
<table>
<tr><th>गो.भौ.र मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी विवरण</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी दिएको रकम</th><th>पेश हुनु पर्ने आवस्यक प्रमाण</th><th>प्रमाण पेश हुनु पर्ने रकम</th></tr>
<tr><td>३४८/०७६/३/१९</td><td>सिलाई म.उ.स.</td><td>प्रविधि हस्तान्त्रण ा</td><td>बन्दना एस टेडर्स</td><td>१४००००</td><td>२० थान मेशिन हस्तान्त्रण तथा दाखिला को प्रमाण</td><td>१४००००</td></tr>
<tr><td>५/०७५/१०/२४</td><td>क्षमता विकास कार्यक्रम पेश्की फछ्र्यौट भरत व.रोकाय</td><td>बलांकेट खरिद</td><td>न्यूमहालक्ष्मी टेडर्स समेत</td><td>६४५६१८</td><td>२३२ थान वलांकेट वडा नं. ५ दाखिला र हस्तान्त्रण को प्रमाण नभएको ।</td><td>६४५६१८</td></tr>
<tr><td>७/०७५/६/११</td><td>महिला सिप विकास समुह जग्गा खरिद</td><td>जग्गा खरिद वापत</td><td>महिला सिप विकास समुह</td><td>४८००००</td><td>जग्गाको मुल्य भन्दा वढी भुक्तानी भएको</td><td>३००००</td></tr>
<tr><td>१८/०७५/१०/२४</td><td>मर्मत कार्य</td><td>मोटर वाईक मर्मत</td><td>मल्टी कार किरिएशन</td><td>४१९२२९</td><td>नगद दाखिलाको प्रमाण नभएको</td><td>३५४०५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१६८४८४७</td><td></td><td>८५१०२३</td></tr>
</table></td><td>८,५१,०२३/-</td></tr>
<tr><td>४६.</td><td>वढी भुक्तानी :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश र कन्टिजेन्सी वापतको रकम कटाई बाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु ४,१०,८८५/-</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | मात्र भुक्तानी दिनु पर्नेमा रु ४,२०,०००/- भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु ९,११३/-असुल हुनु पर्ने रु | ९,११३/- |

| गो.भौ.नं . र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ताको अंश | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ३६/०७५/१२/२८ | देव्यश्वरी प्रा.वि. | २६१८२९ | २५७१२१ | १६ | २१५९८१ | २२०००० | ४०१८ |
| ६/०७५/६/१४ | दुर्गाभवानी मन्दिर | २४४५०० | २३८२९९ | १८.२१ | १९४९०४ | २००००० | ५०९५ |
| | जम्मा | | | | ४१०८८५ | ४२०००० | ९,११३/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४७. | **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement work लगायतमा प्रयोग हुने नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु | १,२८,९८६/- |

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक प्रयोग भएको सिमेन्टको तौल | कर विजक वेगरको सिमेन्टको मुल्य | कर विजक वेगरको रड र तारको मुल्य | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ३८२/०७६/३/२२ | महादेव मा.वि. | १४७.४६ व्याग मध्ये ८० को विल छ । | ६७.४६को रु ८५५३९ | १३१०५७ | २८१५७ |
| ३९२/०७६/३/२२ | सरस्वती मा.वि. | ४३९.०३ व्याग मध्ये कुनै विल नभएको | द्घघढाण्घ को रु ५,५३,६२१ | ०० | ७१९७० |
| २४६/०७६/ | सरस्वती मा.वि. | १७४.२४ व्याग प्रयोग भएको मध्ये ११५ को विल पेश | ५९.२४ को रु ७४७०१ | ०० | ९७११ |
| २७/०७५/१२/२५ | रत्न मावि. खोल्लोक | ९४.३७ व्याग प्रयोग भएकोमा कुनै विल पेश नभएको | ९४.३७ को रु १,११,८२८ | ०० | १४५३८ |
| ४/०७५/६/११ | बटुसेरा तडवन्धन | ०० | ०० | १९०२० | २४७२ |
| ११/०७५/६/१४ | जनजागृति प्रा.वि. | ४३ व्याग प्रयोग भएकोमा ३०को मात्र वल पेश भएको | १३ व्यागको रु १६४४५ | ०० | २१३८ |
| | **जम्मा :** | | | | **१२८९८६** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४८. | **वास्तविक भन्दा वढी खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यसरी राखिएको श्रेस्ताको आन्तरीक तथा अन्तिम लेखापरीक्षण गराउदा श्रेस्ता दुरुस्त र पर्याप्त राख्नु पर्ने व्यवस्था छ । नगरपालीकाले निम्न भौचरबाट खर्च लेख्दा वास्तविक खर्च भन्दा वढी खर्चको भौचर उठाई व्यक्तिको नाममा एकमुष्ट चेक काटि भुक्तानी लिएको देखिन्छ । लेखापरीक्षण अवधि सम्म पनि प्रयाप्त विल भरभाई पेश हुन नआएकोले खर्च पुष्टि हुन सकेन तसर्थ सो सम्वन्धमा आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई निम्नानुसार असुल हुनु पर्ने देखियो । | |
| ४८.१ | **१३४/२०७५/१२/२९** उपमेयर मिना जाग्री विभिन्न योजनाको अनुगमन गर्दा गाडी भाडा लिएको भनि कुम्भ धामि लाई रु २२,०००।- र दिपक जाग्री लाई रु २७,५००।- समेत जम्मा रु ४९,५००।- हस्ते गरी वुझाएको देखिन्छ । यसरी हस्ते गरी वुझाएको सम्वन्धितलाई वुझाएको प्रमाण पेश हुन आएन । साथै उक्त गाडि भाडा समेत रु.८२,०००।- अनुगमन खर्चको विलभरपाई पेश भएकोमा रु १,३१,५००।- खर्च लेखिको देखिएकोले वढी खर्च दावि गरी भुक्तानि लिएको रु ४९,५००।-असुल हुनु पर्ने रु. | ४९,५००/- |
| ४८.२ | **१७/२०७५/१०/४** से १ भ्क २७३ नम्वरको एम्बुलेन्स मर्मत वापत रु ३७,०३१।३० खर्च विल भरपाई पेश भएकोमा रु.४६,५३१।-खर्च लेखेको देखिएकोले विल भर्पाई भन्दा वढी खर्च दावि गरी भुक्तानि लिएको रु ९,४९९।७० असुल हुनु पर्ने रु. | ९,४९९/७० |
| ४८.३ | **१५/२०७५/६/२३** दुर्गा जनरल स्टोरलाई कार्यालय सामान खरिद वापत करोवार मिति उल्लेख नगरेको विभिन्न ८ वटा विल वाट रु.१,३५,२६०।-को सामान आपूर्ति एवं दाखिला गरेको देखिन्छ । नगरपालिकाले खरिद कार्य गराउँदा विल वमोजिमको रकम मात्र खर्च लेखांकन गर्नु पर्नेमा रु.१,४८,३००।- खर्च दावि गरी खर्च लेखेको देखियो । यसरी विल भर्पाइ भन्दा वढी खर्च दावि गरेको १३,०४०/-असुल हुनु पर्ने रु. | १३,०४०/- |
| ४८.४ | **२/२०७५/२/५** गतको मौज्दात( चालु तर्फ) आ.व २०७४/०७५ को सार्वजनिक सुनुवाई वापतरु.१,०९,२७५।- लेखेकोमा कुन त्रैमासिकको सार्वजनिक सुनुवाई भएको हो सो उल्लेख नगरेको,भुक्तानी दिन बाँकीको विवरण नवनाएको,सामाजिक सुनुवाईको प्रतिवेदन पेश नगरेको ले खर्चको वास्तविकता पुष्टि हुन सकेन । तसर्थ सो सम्वन्धमा आधार प्रमाण पेश हुनु पर्ने देखियो । साथै सो कार्यकममा भएको खर्चको प्राप्त फांटवारी अनुसार होटल विल रु १५,८७५।- र ४० जनाको आवास खर्च वापत रु.२०,०००।- समेत जम्मा रु ३५,८७५।-को मात्र खर्च पुष्ट्याईको प्रमाण पेश भएकोमा वढी खर्च दावि गरेको रु ७३,४००।-आधार प्रमाण वेगर भुक्तानी लिने जगत खड्का र धर्म जंग वहादुर सिंह वाट असुल हुनु पर्ने रु. | ७३,४००/- |
| ४८.५ | **दैनिक भत्ता** : ९/२०७५/६/२३ विभिन्न पदाधिकारीको दैनिक भ्रमण भत्ता वापत रु.१,७९,८००।- खर्च लेखेकोमा ति पदाधिकारीहरुको भ्रमण विल तथा नियमानुसार भुक्तानी पाउने रकम को आधारमा वास्तविक खर्च रु १,३३,१००।- मात्र खर्च लेख्न मिल्ने देखिएकोमा रु. १,७९,८००।- खर्च लेखेको देखिएकोले वढी खर्च लेखेको रु ४६,७००/-सम्वन्धित पदाधिकारीबाट असुल हुनु पर्ने रु. | ४६,७००/- |
| **४९.** | **कृषि तर्फ : दशै भत्ता वढी भुक्तानी :** ३/२०७५/७/१९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। एगृ.ई. नित्यानन्द जोशीलाई दशै भत्ता रु.३४,५६८।- मात्र भुक्तानी दिनु पर्नेमा रु ४०,६७०।-भुक्तानी दिएकोले वढी भुक्तानी भएको असुल हुनु पर्ने रु. | ६,१०२/- |
| **५०.** | **बैठक भत्ता :** सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । नगरपालीकाको आन्तरीक आम्दानी रु ७,७८,९३०/७२ मात्र रहेको छ । उक्त ऐनमा पधाधिकारीहरुलाई वैठक भत्ता सम्वन्धमा कुनै व्यहोरा उल्लेख गरेको छैन । यसरी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सम्बन्धी ऐनद्धारा व्यवस्था नगरेको अवस्थामा वैठक भत्ता भुक्तानी दिन मिल्ने देखिदैन। यस नगरपालिकाले यो वर्ष खाजा योजना अनुगमन वापत भुक्तानी खर्च लेखेको रु ५,१७,०००।- को अतिरिक्त पदाधिकारी वैठक भत्ता वापत निम्नानुसार भुक्तानी दिएको कर  पछिको रु ३१,०१,३२०/-असुल हुनु पर्ने देखिएको रु. | ३१,०१,३२०/- |

**कार्यपालीकाको वैठक तर्फ :**

| भौ.नं.,मिति | वैठको समय | रकम (कर वाहेक) |
|---|---|---|
| १४२/२०७५/१२/२९ | माघ देखि चैत्र सम्म | ४८५६०० |
| ४८/२०७५/१०/४ | कार्तिक देखि पौष | २३४००० |
| ८/२०७५/६/२३ | श्रावण देखि असौज सम्म | १२८००० |
| १९९/२०७६/३/३० | वैशाख देखि असार सम्म | २३३१०० |
| जम्मा : | | **१०,८०,७००/-** |

वडा तर्फ :

| भौ.नं.र मिति | वडा नं. | वैठक भत्ता रकम (कर बाहेक) |
|---|---|---|
| ११६/२०७५/१०/२३ | ३ | १५५०४० |
| ११५/२०७५/१०/१८ | २ | ९१८०० |
| ११४/२०७५/१०/२३ | १ | ५३५५० |
| ११२/२०७५/६/२३ | १ | ४५९०० |
| ११७/२०७५/१०/१८ | ४ | १५३५१० |
| ११९/२०७५/१०/२२ | ७ | १२४९५० |
| १२१/२०७५/१०/२३ | ९ | १०७१०० |
| १२२/२०७५/१०/२३ | १० | १०७१०० |
| १२३/२०७५/१०/२३ | ११ | १०४५५० |
| १२१/२०७६/३/२९ | ८ | ७३९५० |
| १२४/२०७६/३/२९ | ४ | १०२८५० |
| १२५/२०७६/३/२९ | ६ | १९८०५० |
| १२६/२०७६/३/२९ | ७ | ११७८१० |
| १२८/२०७६/३/२९ | ९ | १४११०० |
| १३०/२०७६/३/२९ | २ | १२७५०० |
| १६६/२०७६/३/२९ | ५ | १९७२०० |
| २०१/२०७६/३/२९ | ३ | ८२९६० |
| १४७/३/२९ | ६ | ३५७०० |
| कर पछिको वैठक भत्ता जम्मा : | | **२०,२०,६२०/-** |

**समिति तर्फ :**

| | | |
|---|---|---|
| १०६/२०७५/११/१० | न्यायिक समिति | **५१,०००।-** |
| | **कुल जम्मा :** | **३१,०१,३२०/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५१. | **सोभ्कै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोभ्कै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.८२,४९,८६४/२७ को छपाई, कार्यालय सामान, उपकरण आदि सोभ्कै खुला कोटेशनको माध्यमवाट खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ । | |

| गो.भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|
| ८२/२०७६/३/२९ | महिमान व्यासि नौलो पसल | स्टेशनरी | ७८४२० |
| ८३/२०७६/३/२९ | व्यास व्रदर्श पसल | स्टेशनरी | १३५२०० |
| ८४/२०७६/३/२९ | सगुन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | स्टेशनरी | ९१८११२ |
| ८५/२०७६/३/२९ | दुर्गा जनरल स्टोर | स्टेशनरी | ७९००० |
| ९२/२०७६/३/२९ | दुर्गा जनरल स्टोर | स्टेशनरी | ११७५६० |
| १०२/२०७६/३/२५ | स्मृति जनरल अर्डर सप्लायर्स | स्टेशनरी | १५०००० |
| ११५/२०७६/३/२९ | इन्सटियुट अफ सोलुसन | मर्मत | ४४३९७७ |
| २५/२०७५/१/१२ | सोलार होम्स नेपाल प्रा.ली | सोलार खरिद | ३२१५१२.२७ |
| २०/२०७५/७/१७ | विएस ट्रेडर्स सेन्टर | कार्यालय सामान | ४९९९०० |
| ३७/२०७५/१०/४ | केलपाल सप्लायर्स एण्ड अफसेट प्रेश | छपाई समेत | १४५२०५ |
| ३८/२०७५/१०/४ | सुर्मा देवि सिरक कुटानी पिसानी उद्योग | कार्यालय सामान | ९४५०० |
| ४०/२०७५/१०/४ | व्यास वर्दश पशल | कार्यालय सामान | ९९०५० |
| ७८/२०७५/१०/२४ | दिपेश इन्फोसिस | कार्यालय सामान | ४५३००० |
| ७९/२०७५/१०/२४ | श्री शिव पार्वती फर्निचर उद्योग | फर्निचर | ४९७९२३ |
| ८३/२०७५/१०/२४ | न्यू मनिस इलेक्ट्रोनिक एण्ड सप्लायर्स | कार्यालय सामान | १४११६० |
| ८३/२०७५/१०/२४ | एस के इन्टरनेसनल | कार्यालय सामान | ३९३८८४१ |
| ९८/२०७५/११/१३ | उग्रतारा टेक्नीकल गुड्स सप्लायर्स | विविध सामान | १३६५०४ |
| **जम्मा** | | | **८२४९८६४/२७** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५२. | **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अन्र्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालयले उपलब्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. | १,९६,६५१/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| भौ.नं.र मिति | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ११५/२०७५/३/२९ | इन्स्टीट्युट अफ रित सोलुसन | २०७९७६३५९ | २०७६/३/५ | ४४३९७७ | ५१०७७ | २५५३८ |
| ३८६/०७६/३/२० | ज्ञान आयल स्टोर | ३०४७३४४४६ | २०७६/३/१ | ६९९९५२ | ८०५२५ | ४०२६२ |
| ३८६/०७६/३/२० | युडि एस कन्स्ट्रक्सन | ३०३०७६८७२ | २०७६/३/१८ | ९०४४५२ | १०४०५२ | ५२०२६ |
| ३१९/०७६/३/१६ | सदाफल सप्लायर्स | ६०२२०६५४५ | ०७६/२/२७ | १२६८४२ | १४५९२ | ७२९६ |
| ३२०/०७६/३/१६ | कालिका हार्डवयर एण्ड सप्लायर्स | ६०५७८३५२८ | २०७६/२/१६ | २५०११५ | २८७७४ | १४३८७ |
| ३२०/०७६/३/१६ | कालिका हार्डवयर एण्ड सप्लायर्स | ६०५७८३५२८ | २०७६/२/१६ | ११९२७२ | १३७२१ | ६८६० |
| ३२५/०७६/३/१ | सुर्मादिविसप्लायर्स | ३००७९२६९८ | ०७६/३/२ | २३४४२ | २६९६ | १३४८ |
| १८६/०७६/३/१९ | न्यू पाठक हार्डवयर एण्ड इलेक्ट्रनिक्स | ३०१२७७४३१ | ०७६/३/१ | १४३६८१ | १६५२९ | ८२६५ |
| १८६/०७६/३/१९ | न्यू पाठक हार्डवयर एण्ड इलेक्ट्रनिक्स | ३०१२७७४३१ | ०७६/३/६ | १२३८३६ | १४२४६ | ७१२३ |
| २९१/०७६/३/२२ | अमृत कन्स्ट्रक्सन | ३०३५७३९३९ | ०७६/३/१८ | १०६९८२ | १२३०७ | ६१५४ |
| २९६/०७६/२/२७ | कालिका हार्डवयर एण्ड सप्लायर्स | ६०५७८३५२८ | ०७६/२/२३ | ६६६९२ | ७६७२ | ३८३६ |
| २४६/०७६/३ | सपल ढुंगा नि.से. | ६०७९१८०४५ | ०७६/३/१ | १३५६६७ | १५६०८ | ७८०४ |
| ३०२/०७६/ | सरस्वती सप्लायर्स | ६०७५४७५०२ | ०७६/२/२६ | २७३८४२ | ३१५०४ | १५७५२ |
| | जम्मा : | | | ३४१८७५२ | ३९३३०३ | १९६६५१ |

**५३.** **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सो सुविधा वापत यस नगरपालिकाले निम्नानुसार मासिक रु ६,१६,०००।-को दरले वार्षिक रु.७३,९२,०००/- भुक्तानी गरेको छ ।
<table>
<tr><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ११ जना</th><th>कार्यपालिका सदस्य ९ जना</th><th>सभाका सदस्य ३८ जना</th><th>जम्मा</th></tr>
<tr><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>२२०००</td><td>९०००</td><td>६०००</td><td>-</td></tr>
<tr><td>मासिक जम्मा</td><td>३५०००</td><td>३००००</td><td>२४२०००</td><td>८१०००</td><td>२२८०००</td><td>६,१६,०००/</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४.</td><td>सूचना प्रकाशन : आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । नगरपालीकाले रेडियो सेराफेरो ९०.२ मेगाहर्ज सन्देश,सूचना,अन्तर्वाता,समाचार,कार्यक्रम प्रसारणका लागि मासिक रु ३५,०००।-का दरले वार्षिक रु ४,२०,०००।- मा सम्झौता भएकोमा कार्यालयले सुचना प्रकासनको लागि दिएको अडर स्लीप,सम्वन्धित रेडियोले सुचना प्रकाशन गरेको समय सहितको व्रोडकास्ट्रिङ सर्टिफिकेट पेश भए पश्चात मात्र खर्च लेख्नु पर्नेमा सो वमोजिम नगरी सम्झौताको आधारमा मात्र खर्च लेखेको रकम अनियमित देखिएको रु.</td><td>४,२०,०००/-</td></tr>
<tr><td>५५.</td><td>कर कट्टी नगरेको : आयकर ऐन २०५८ को दफा ८७ मा अनुसुचि १ वमोजिमको दरले स्रोतमा कर कट्टी गरी राजस्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था छ । नगारपालीकाका कर्मचारी दसरथ दत्त भट्टले घटि कर कट्टी गरेकोले नपुग कर रकम निम्नानुसार दाखिला हुनु पर्ने रु.
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>कट्टी रकम</th><th>जम्मा आय</th><th>कर कट्टी गरेको</th><th>गर्नु पर्ने</th><th>दाखिला गर्नु पर्ने</th></tr>
<tr><td>दसरथ दत्त भट्ट</td><td>६२५१०४</td><td>१४४२८४</td><td>४८०८२०</td><td>४८६०</td><td>१२०८३</td><td>७२२२</td></tr>
<tr><td>जम्मा</td><td>६२५१०४</td><td>१४४२८४</td><td>४८०८२०</td><td>४८६०</td><td>१२०८३</td><td>७२२२</td></tr>
</table></td><td>७,२२२/-</td></tr>
<tr><td>५६.</td><td>भ्रमण खर्च : भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमणको उदेश्य,भ्रमण मिति,भ्रमण साधन लगायतको विवरण भरी भ्रमण आदेश स्वीकृत गरी गरी भ्रमण खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले गत मौज्दातबाट भौ.न.२२/२०७५/१०/४ वाट रु.३३०२०० खर्च लेख्दा भ्रमण स्वीकृत भएको मिति,भ्रमण गर्ने अवधिको मिति सम्म नखुलाई भ्रमण आदेश स्वीकृत भएकोले भ्रमण विल अनुसार खर्च लेखेको रकम यथार्थ छ र दोहोरो परेको छ या छैन भन्न सक्ने अवस्था देखिएन । कार्यालयले नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>स्वास्थ्य तर्फ : ६/२०७५/६/२१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यसरी राखिएको श्रेस्ताको आन्तरीक तथा अन्तिम लेखापरीक्षण गराउदा श्रेस्ता दुरुस्त र पर्याप्त राख्नु पर्ने व्यवस्था छ । कार्यक्रम खर्च भनि विरवहादुर धामिलाई रु ४५,४००।- भुक्तानी दिएकोमा सोको कार्यक्रम,विल भरपाई नराखी खर्च लखेकोले खर्चको यर्थाथता यकिन हुन सकेन तसर्थ खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्नेु रु.</td><td>४५,४००/-</td></tr>
<tr><td>५८.</td><td>शिक्षातर्फ : छुट तलव भुक्तानी :-५/०७५/६/२३ शिदनाथ प्रा.वि. जलजलीको प्रथम किस्ताको तलव निकासा दिंदा पुस्कल वोहोरालाई छुट तलव भनि रु.१,७१,१२०।- भुक्तानी दिएकोमा भौ नं.२/५०७५/६/१६ वाट पुन पुस्कल वोहोरालाइ भुक्तानी रु.१,७१,१२०।-दिएकोले दोहोरो भुक्तानी दिएको रु.१,७१,१२०।- असुल हुनु पर्ने रु.</td><td>१,७१,१२०/-</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>५९.</td><td>प्राविधिक कर्मचारी प्रोत्साहन भ्रमण भत्ता : भ्रमण खर्च नियमावली २०६४ मा प्रोत्साहन वापत भ्रमण खर्च दिने व्यवस्था छैन । नगर कार्यपालीकाले मिति २०७५/९/२७ को निर्णयानुसार निम्नानुसारका प्राविधिक कर्मचारीहरुलाई मासिक १७ दिनको दैनिक भ्रमण भत्ता वरावरको रकम उपलव्ध गराउने निर्णय गरी भुक्तानी गरेको देखियो । मासिक तलव,स्थानीय भत्ता उपलव्ध गराउने गरी नियुक्त कर्मचारीलाई प्रोत्साहन वापत भ्रमण खर्च भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>नाम</th><th>पद</th><th>दिन</th><th>दर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>श्री विक्रम वहादुर गुर्धामी</td><td>इन्जिनियर</td><td>१८७</td><td>१६००</td><td>२९९२००</td><td>११ महिनाको</td></tr>
<tr><td>श्री डम्बर वहादुर धामि</td><td>इन्जिनियर</td><td>१८७</td><td>१२००</td><td>२२४४००</td><td>११ महिनाको</td></tr>
<tr><td>श्री लाल वहादुर धामि</td><td>सव इन्जिनियर</td><td>११९</td><td>१२००</td><td>१४२८००</td><td>७ महिनाको</td></tr>
<tr><td>श्री विनोद सिंह</td><td>असिस्टेन्ट सव इन्जिनियर</td><td>२०४</td><td>१२००</td><td>२४४८००</td><td>१२ महिना</td></tr>
<tr><td>श्री भिम दत्त भट्ट</td><td>खा.पा.स.टे</td><td>११९</td><td>१२००</td><td>१४२८००</td><td>७ महिनाको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१०,५४,०००/-</td><td></td></tr>
</table>
</td><td>१०,५४,०००/-</td></tr>
<tr><td>६०.</td><td>प्राविधिक मुल्यांकन वेगर भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) वमोजिम प्राविधिक वाट निर्माण कार्यको चेक जाँच भई सार्वजनिक निकायमा प्रतिवेदन पेश गरी सार्वजनिक निकायवाट स्वीकृत पश्चात सम्पन्न कार्यको भुक्तानी दिन सकिने व्यवस्था छ । जिप पार्क निर्माण सेवा वापत रु.८,००,०००।- भुक्तानी खर्च लखेकोमा सो खर्च पुष्ट्याईको लागि आवश्यक विल भरपाई एवं प्राविधिक मुल्याङ्कन वेगर खर्च लेखेकोले सो खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.</td><td>८,००,०००/-</td></tr>
<tr><td>६१.</td><td>आन्तरीक लेखापरीक्षण : स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परीक्षण गरी मिति २०७६/५/३० मा प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याइका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछर्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६१.१</td><td>खेलकुद विकास खर्च : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ को उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । ले.अ. पुर्ण बहादुर खडकालाई खेलकुद विकास खर्च वापत रु.२,६९,२७५/- भुक्तानी गरेकोमा जुत्ता चप्पल खरिदको रु.८५,३८०/- को मात्र विल पेश भएकोले विल भरपाई पेश नगरी रु.१,८३,८९५/- भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी गरेको रु १,८३,८९५/-असुल हुर्नेपर्ने रु</td><td>१,८३,८९५/-</td></tr>
<tr><td>६१.२</td><td>नपाउने स्थानीय भत्ता :करार सेवामा नियुक्त कर्मचारीहरुको सेवा सुविधा करार संभ्कौतामा उल्लेख भए वमोजिम उपलव्ध गराउनु पर्ने र संभ्कौता गर्दा प्रचलित ऐन नियमको अनुसरण गर्नु पर्ने देखिन्छ । यस नगरपालिकाले करारमा नियुक्त कर्मचारी हरुलाई समेत स्थानीय भत्ता समेत भुक्तानी दिएको देखियो । करार संभ्कौतामा सो सुविधा दिने गरी संभ्कौता भएको नदेखिएको र करारका कर्मचारीहरुलाई स्थानीय भत्ता दिन मिल्ने व्यस्था</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>समेत भएको नदेखिंदा भुक्तानी भएको निम्नानुसारको रकम असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>व.उ.शि.नं.</th><th>भत्ता लिनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>प्रा.स. विनोद सिंह</td><td>७७५२०.००</td></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>विक्रम व.गुडधामी</td><td>१४१७२०.००</td></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>डम्वर व. धामी</td><td>१४१७२०.००</td></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>धन कृष्ण रेग्मी</td><td>१४१७२०.००</td></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>उमेश खड्का</td><td>५४०००.००</td></tr>
<tr><td></td><td>चालु अनुदान</td><td>लोकेन्द्र व. विष्ट</td><td>६४६००.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td>६,२१,२८०/-</td></tr>
</table></td><td>६,२१,२८०/-</td></tr>
<tr><td>६१.३</td><td>नपाउने भ्रमण खर्च :भ्रमण खर्च नियमावली २०६४ को नियम अनुसार भ्रमणमा खटिजाने कर्मचारी तथा पदाधिकारी हरुलाई तोकिएको स्थानमा खटिई गएको अवधिको मात्र तोकिए वमोजिमको दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न वडाका वडा सदस्य लगायतका पदाधिकारी हरुलाई निम्नानुसार भ्रमण गरेको देखाई भ्रमण भत्ता र भ्रमण खर्च भुक्तानी दिएकोमा भ्रमण भत्ता भुक्तानी लिएको अवधिमा आफ्नो वडाको वैठकमा उपस्थित भई निर्णय गरेको देखिएकोले उक्त अवधिमा भ्रमण नगरेको स्पष्ट हुन्छ । तसर्थ भ्रमण आदेश स्वीकृत गराई भ्रमण नगरी कार्यालयमानै उपस्थित भएको अवधिको दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिन मिल्ने नदेखिएकोले निम्नानुसार भुक्तानी भएको रकम असुल हुनु पर्ने रु
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>भ्रमण गर्ने पदाधिकारी</th><th>भ्रमण आदेशको मिति</th><th>भ्रमण अवधिमा उपस्थित विवरण</th><th>भुक्तानी भएको असुल हुनु पर्ने रकम</th></tr>
<tr><td></td><td>वडा नं २का वडा सदस्य कलक धामी</td><td>२०७५।६।१२ देखि ६।१८</td><td>२०७५।६।१५मा वडाको वैठकका उपस्थित</td><td>९७००.००</td></tr>
<tr><td></td><td>कलसी देवी धामी</td><td>०७६।२।२८-३।२ चैनपुर</td><td>०७६।३।१कोवडा वैठकमा उपस्थित</td><td>९६५०.०</td></tr>
<tr><td></td><td>कलसी देवी</td><td>०७५।८।६-८।१२ धनगढी</td><td>०७५।८।८कोवडा वैठकमा उपस्थित</td><td>९७००.००</td></tr>
<tr><td>०७६/३/२९</td><td>करे वोहोरा</td><td>०७५।५।२९- ६।४ धनपढी</td><td>०७५।५।३०को वैठकमा वडामा उपस्थित</td><td>९९७०.०</td></tr>
<tr><td>०७५/१०/२३</td><td>सचिव खड्क व.सिंह</td><td>०७५।६।१-६।७ चैनपुर</td><td>०७५।६।३र ६।६को वडाको वैठकमा वडामा उपस्थित</td><td>८२५०.००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा :</td><td>४७,२७०/-</td></tr>
</table></td><td>४७,२७०/-</td></tr>
<tr><td>६१.४</td><td>आधार प्रमाण वेगर चेक भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायले नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसारको भुक्तानीमा नियमको उक्त व्यवस्था वमोजिमको आधार प्रमाण वेगर सोझै चेक काटी खर्च लेखेको देखिएकोले सो खर्च पुष्टी नभएकोले असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>व.उ.शि.नं.</th><th>भुक्तानी लिनेको नाम</th><th>प्रयोजन</th><th>पुष्ट्याई वेगरको खर्च रकम</th></tr>
<tr><td></td><td></td><td>विक्रम सिंह</td><td>कार्यालय संचालन</td><td>१४८३००.००</td></tr>
<tr><td></td><td></td><td>नाम नखुलेको</td><td>गोष्टी संचालन</td><td>४०५००.००</td></tr>
<tr><td></td><td></td><td>नाम नखुलेको</td><td>गाडि भाडा वापत</td><td>३७८००.००</td></tr>
<tr><td></td><td></td><td>भुमिका वोहरा</td><td>गोष्ठी संचालन</td><td>९४६००.००</td></tr>
<tr><td>३२/०७५</td><td>राजस्व</td><td></td><td>नखुलेको</td><td>५३३३५.००</td></tr>
</table></td><td>५,४४,०३५/-</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>वाँडपाँड</td><td></td><td></td><td></td></tr>
<tr><td>४०८/०७६/३/२९</td><td>राजस्व वाँडपाँड</td><td>साईपाल मि.प्रा.लि.वझाङ</td><td>शन्देश प्रशारण</td><td>१६९५००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td></td><td>५,४४,०३५/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१.५</td><td>विल भर्पाई भन्दा वढी भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायले नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसारको भुक्तानीमा नियमको उक्त व्यवस्था वमोजिम खर्च लेख्नु पर्नेमा सो वमोजिम नगरी निम्नानुसार आधार प्रमाण तथा विल भपाई भन्दा वढी भुक्तानी गरेको देखिएकोले यस्तो वढी भक्तानी दिएको रकम असुल हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>गो.भौ.नं.र मिति</td><td>व.उ.शि.नं.</td><td>भुक्तानी लिनेको नाम</td><td>विल भर्पाई अनुसारको रकम</td><td>खर्चलेखेको रकम</td><td>विलभर्पाई वेगरको खर्च रकम</td></tr>
<tr><td></td><td></td><td>गणेश व. धामी</td><td>११५०००.००</td><td>१७७२००.</td><td>६२२००.००</td></tr>
<tr><td></td><td></td><td>रेडियो सेरो फेरो</td><td>६८२०००.००</td><td>७३००००.</td><td>४८०००.००</td></tr>
<tr><td></td><td></td><td>मोहन व. रोकाया (दै.भत्ता)</td><td>७८३०.००</td><td>९४५०.००</td><td>१६२०.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td>८०४८३०</td><td>९१६६५०</td><td>१,११,८२०/-</td></tr>
</table>
</td><td>१,११,८२०/-</td></tr>
<tr><td>६१.६</td><td>अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्न छुट भएको वा घटि कट्टा गरेको रु ५८,५९१/- असुल गरी दाखिला गर्नुपर्ने, रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>काम</th><th>भुक्तनी लिने</th><th>भुक्तानी रकम</th><th>दाखिला गरेको रकम</th><th>छुट कर रकम</th></tr>
<tr><td></td><td>सन्देश प्रशारण</td><td>रेडियो सेरोफेरो</td><td>३१५०००.००</td><td>४७२५.००</td><td>४२५२५.००</td></tr>
<tr><td></td><td>प्रशिक्षक भत्ता</td><td>भुमिका वोहरा</td><td>७७६६७.००</td><td>००</td><td>११६५०.००</td></tr>
<tr><td>०७५/२/२८</td><td>दलकोट घेरवार आयोजना</td><td>वडा नं. १</td><td>३०००००.००</td><td>००</td><td>४४१६.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६९२६६७</td><td>४७२५</td><td>५८,५९१/-</td></tr>
</table>
</td><td>५८,५९१/-</td></tr>
<tr><td>६१.७</td><td>पुष्ट्याई वेगरको खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायले नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४को नियम ८४ अनुसाार रु ५ लाख भन्दा वढीको निर्माण सामाग्रि शिलवन्दी दरभाउपत्र माग गरी प्रतिष्पर्धाको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था गरेकोछ । यस नगरपालिकाले सो वमोजिम प्रकृया नअपनाइ रु ५,३६,१६१।-को ३२४ बोरा सिमेन्ट कालिका कन्स्टक्सन वित्थडचिर गाउँपालिका देउलेकले पेश गरेको मिति २०७६।२।१८को खुला कोटेशनवाट खरिद गरेको देखाई २०७६।२।१९को विलवाट भुक्तानी खर्च लेखेको नियमसम्मत देखिएन । यसरी खरिद भएको सिमेन्ट कुन प्रयोजनको लागि कुन कार्यक्रम वाट खरिद भएकोहो सो खुल्ने आधार पेश हुन आएन ।यसरी कार्यक्रम वेगर विान कुनै आधार विलको आधारमा खर्च लेखेको ३२४ बोरा सिमेन्ट प्रयोजन पुष्ट्याईको लागि छानविन गरी खर्चको यर्थाथता यकिन गर्नु पर्ने देखिएको रु</td><td>५,३६,१६१।-</td></tr>
<tr><td>६१.८</td><td>संभौता भन्दा वढी भुक्तानी : ०७६।३।१ राजस्ववाँडफँड र शर्शत अनुदान वाट सवारी चालक दमन कुंवर संग दैनिक रु ६०००।००को दरले २०७६।१।३ देखि ०७६।१।८ सम्म जम्मा ६ दिनको रु ३६,०००।०० गाडि भाडामा लिने गरी संभौता भएकोमा रु ४८,०००।-भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु १२,०००।- असुल हुनु पर्ने रु</td><td>१२,०००/-</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>६१.९</td><td>प्रतिष्पर्धा वेगर खरिद : २०७६/०२/२२ बुंगल नगरपालिका ले रु ८ लाखको सोलार खरिद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद हुन पर्नेमा मौज्जुदा सुचिमा रहेका फर्म लाइ समेत खुल्ला दरभाउ पत्र समेत माग नगरी उर्जाघर प्रा.लि. काठमाण्डौ बाट विल नं. ०९१,०९२,०९३,०९४,०९५,०९६,०९७,०९८ वाट सोझै खरिद गरिएको र जिन्सी आम्दानी दाखिला पनि नभएको ले आवश्यक प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु</td><td>८,००,०००/-</td></tr>
<tr><td>६१.१०</td><td>खर्चवढी दावि गरेको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायले नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले स्पष्ट प्रयोजन वेगर फोटोकपि तथा मर्मत गरेको देखाई अस्वभाविक रुपमा निम्नानुसार वढी खर्च दावि गरेको देखिएकोले सो सम्वन्धमा आधार सहित स्पष्ट हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु
<table>
<tr><th>गो.भौ.र मिति</th><th>खर्च विवरण</th><th>भुक्तानी लिनेको नाम</th><th>परिमण</th><th>दर</th><th>खर्चलेखेको रकम</th></tr>
<tr><td></td><td>न्यायीक समिति कार्यविधि</td><td>धन वहादुर खड्का</td><td>६० पाना</td><td>१०८३.३३</td><td>६५०००.००</td></tr>
<tr><td></td><td>फोटो कपि</td><td>धन वहादुर खड्का</td><td>७८० पाना</td><td>२०</td><td>१५६००.००</td></tr>
<tr><td></td><td>फोटो कपि</td><td>ई. अफ राईट सोलुसन एण्ड ईन्फाटक्चर</td><td>५००००</td><td>५.६५</td><td>२२८५००.००</td></tr>
<tr><td></td><td>मर्मत</td><td>ई. अफ राईट सोलुसन एण्ड ईन्फाटक्चर</td><td></td><td></td><td>१६२४७७.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td></td><td></td><td>४,७१,५७७/-</td></tr>
</table></td><td>४,७१,५७७/-</td></tr>
<tr><td>६१.११</td><td>तलव भत्ता अनुदान : २०७६/०२/२२ श्री आर्दश बहुमुखि क्याम्पस का निजि शिक्षक हरुलाई तलब तत्ता अनुदान बापत रु.१०,००,०००/- भुक्तानी दिएको देखियो । निजि शिक्षकलाई तलब भत्ता अनुदान दिन मिल्ने आधार नदेखीएकोले सो सम्बन्धमा आधार प्रमाण पेश गर्ने अन्यथा असुल उपर गर्ने रु</td><td>१०,००,०००/-</td></tr>
<tr><td>६१.१२</td><td>आवस्यक प्रमाण वेगरको खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायले नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले सो सम्वन्धमा आधार सहित स्पष्ट हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु
<table>
<tr><th>गो. भौ. र मिति</th><th>भुकतानी लिनेको नाम</th><th>भुक्तानी विवरण</th><th>असुल एवं प्रमाण पेश हुनु पर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td>प्र.अ. जिवन कुँवर</td><td>ढुवानी खर्च</td><td>१३५००.००</td><td>ब्लू वुक लाईसेन्स वेगर</td></tr>
<tr><td></td><td>उर्जाघर प्रा.लि.</td><td>सोलर खरिद</td><td>४९५००.००</td><td>सक्कल विल नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा :</td><td>६३,०००/-</td><td></td></tr>
</table></td><td>६३,०००/-</td></tr>
<tr><td>६१.१३</td><td>दोहोरो सुविधा :२०७५।१०।२२ राजस्व वाँडफाँड तर्फवाट होटल राईनो को कर विजक ३०५५७१७०४ वाट रु ३४,६९१।-भुक्तानी खर्च लेखेकोमा पुन दैनिक भत्ता वापत रकम भुक्तानी खर्चलेखेको देखिएकोले सो खर्चको प्रयोजन नखुलेको र दोहोरो भुक्तानी भएको सम्वन्धमा छानविन गरी असुल हुनु पर्ने देखिएको रु</td><td>३४,६९१/-</td></tr>
<tr><td>६१.१४</td><td>व्यक्तीगत खर्च भुक्तानी :राजस्व वाँडफाँड तर्फवाट वडा नं.२का वडा सदस्य कलक धामीलाई निजको टाउकाको उपचार खर्च भनी रु ९,७००।-भुक्तानी गरेको देखियो ।यसरी यो शिर्षक वाट व्यक्तीगत उपचार खर्च भुक्तानी गर्न मिल्ने नदेखिएको रु</td><td>९,७००/-</td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६२. | **सेवा प्रवाह स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिका,नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले नगरपालीकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा नगरपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| ६३. | **पेश्की वाँकी :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्नानुसारको पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले सो नियमानुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. | १,९६,८८,६००/- |

| सि.नं. | मिति | पेश्कि लिनेको नाम | यस बर्षको पेश्कि |
|---|---|---|---|
| १ | | धन बहादूर सिह ६ नं अध्यक्ष | ३९५०००.०० |
| ३ | | रमेश बहादूर कार्की | १००००००.०० |
| ४ | | सत्य मा वि तोलि चौर | ४८०००० |
| ५ | | भवानेश्वरी आ वि मिडि | ५०००००.०० |
| ६ | | मष्टा प्रा वि थलकाडा | ४८००००.०० |
| ७ | | धन बहादूर खड्का | १३००००.०० |
| ८ | | वि पि स्मृति भवन | ५०००००.०० |
| ९ | | सरस्वती मा वि विजगडा | २५००००००.०० |
| १० | | केदार प्रा वि | १०००००.०० |
| ११ | | त्रिवेणी आदर्श क्याम्पस | ६०००००.०० |
| १२ | | मिडि खानेपानी | ७५०००.०० |
| १३ | | मेल्टा सि कू | ७२६००.०० |
| १४ | | डोलारी कन्ट्रक्सन मोविलाइजेशन पेश्की | ४५२००००.०० |
| १५ | | एन के पी कन्ट्रक्सन मोविलाइजेशन पेश्की | १५६८०००.०० |
| १६ | | रोहित कन्ट्रक्सन मोविलाइजेशन पेश्की | १२०००००.०० |
| १७ | | भवानी निर्माण सेवा मोविलाइजेशन पेश्की | ४८३०००.०० |
| १८ | | सैन निर्माण सेवा मोविलाइजेशन पेश्की | २८००००.०० |
| १९ | | अमृत कन्ट्रक्सन बू न पा ४ | ३३६००००.०० |
| २० | | बाह्रदेउ कन्ट्रक्सन बू न पा २ | १४४५०००.०० |
| **जम्मा** | | | **१,९६,८८,६००/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६४. | **सम्परीक्षण :-** आर्थिक कार्याविधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणवाट | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>औल्याएको वेरुजु सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखपरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औल्याइएको वेरुजु सम्वन्धमा सो वेरुजूको सूचना प्राप्त गरेको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए वमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले हाल सम्मको वेरुजू वाँकीको लगत अद्यावधिक गरेको छैन । लेखापरीक्षणको अवधिमा रु. ४,२७,६२,५४३/- फछ्र्यौट गरी सम्परीक्षण गरी सम्परीक्षणको लागि अनुरोध भई आएबमोजिम सम्परीक्षण हुँदा फछ्र्यौटको व्यहोरा मनासिव देखिएकोले संलग्न अनुसूचि १ अनुसारको रु.४,२७,६२,५४३/-को वेरुजू सम्परीक्षण गरिएको छ । लगत कट्टा भए पश्चात सोको जानकारी गराइने छ ।</td><td></td></tr>
<tr><td>६५.</td><td>अद्यावधिक वेरुजू स्थिति :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेको छ । नगर पालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ (रु हजारमा)
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु) -A_</th><th>यो वर्ष फछ्र्यौट (B</th><th>वाँकी (C=A-B)</th></tr>
<tr><td>१७७९१८</td><td>४२७६२</td><td>१३५१५६</td></tr>
</table></td><td></td></tr>
</table>

**प्रतिकृया वाट वेरुजु फछ्र्यौट :** लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा औंल्याईएको असुल गर्नु पर्ने विभिन्न दफा वेरुजु मध्ये विभिन्न १२ दफामा उल्लेख गरीएको असुल हुनु पर्ने रु ५६,५०,५९०।-असुल भई वेरुजु वापतको राजस्व खातामा दाखिला भएको प्रमाण पेश हुन आएकोले प्रारम्भिक प्रतिवेदनवाट हटाईएको छ ।

अनुसूची- १

## बुंगल नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| बुंगल नगरपालिका | बझाङ | ९६३५१ | १७१९७२ | २५९८५३ | १६३७२३ | ५९५५४८ | ३७१३२८ | १७७१३६ | ३५० | ५४८८१४ | १४३०८५ |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बझाङ | बुंगल नगरपालिका | ३८ | ६१ | ५३४२४ | ० | १२ | ५६५१ | ३८ | ४९ | **४७७७३** | ९६७३ | ७००६ | ११४०५ | ० | ० | **२८०८४** | २३० | १९४५९ | १९६८९ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | बुंगल नगरपालीका | बझाङ | १७७९१८ | ४२७६२ | १३५१५६ | ० | ४७७७३ | १८२९२९ |